स्वदेशवाद | बहुलराष्ट्रवाद | सामूदायिक समाजवाद

# नेवाः राष्ट्रिय परिषद

# नेवाः राष्ट्रिय परिषद

केन्द्रिय कार्यालय, काठमाडौं
स्थापना: २०८१

प.सं.
च.नं.

मिति : २०८१ चैत्र १६ गते

**गम्भिर ध्यानाकर्षण सम्बन्धमा ।**

हिजो राजतन्त्रवादीहरुले नेपा: मण्डलको तीनकुनेमा गरेको प्रदर्शनीमा नियोजित रुपमा नेवा: राष्ट्रका दुई जना सविन महर्जन र सुरेश रजकलाई वलीको बोको बनाएर हत्या गरेको तथा नेवा: राष्ट्रका प्रेमलाल श्रेष्ठ लगायतका जनताहरूको सम्पति तोडफोड तथा आगजनी गरेको तथा राजतन्त्रवादीहरूले उग्रभड्काउको लागि उपयोग गरेको प्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ ।

इतिहासमा गोर्खाली सत्ताले तत्कालिन समयको सबै भन्दा वैभव शाली नेपा: मण्डलको राज्यमा पटक पटक लुट तथा आक्रमण गर्ने क्रममा जव पृथ्वीनारायण शाहले छलकपट पूर्ण रुपमा नेपा मण्डलमाथि साम्राज्य विस्तार गरे, यसले स्वनिग:का नेवा: राष्ट्रको राज्यत्व र सार्वभौमिकता समाप्त पार्ने काम भयो । उनिहरुले हाम्रा महान पूर्खाहरू किर्तीलक्ष्मीहरूको हत्या गरे तथा कीर्तिपुरका नेवा: राष्ट्रका जनताहरूको नाककान काटेर नेवा: राष्ट्रको मुटु, हनुमानढोकामा गोर्खाली राज्यको जग बसाले । यसका विरुद्ध नेवा: राष्ट्रका हाम्रा महान पूर्खाहरुले कहिले पनि हार स्वीकार गरेन र कहिले पनि आत्मसमर्पण गरेन बरु आफ्नो अस्तित्व र राज्यत्व जगाई राखे । हामीहरुले गोर्खालीहरूलाई कहिले पनि स्वीकारेनौ र आफ्नो राज्यत्व संरक्षण गरिरहेका छौं । यस बीचमा हाम्रा अग्रज पुष्पलाल श्रेष्ठ तथा गणेशमान सिंहले कम्युनिष्ट र काँग्रेस भएर गोर्खाली सत्ता विरुद्ध लडे तर अन्तमा अपमान बाहेक केही पनि पाएनन । गोर्खाली सत्ताको विरुद्ध भएको पटक पटकको क्रान्तिमा नेवा: राष्ट्रका जनताहरुले त्याग र बलिदानी दिएता पनि, क्रान्तिपछि हाम्रो आस्था, विश्वास, भूमि र सत्ता समाप्त गर्ने काम निरन्तर हुदै आइ रहेको छ ।

हिजो हाम्रो सत्ता समाप्त गर्ने त्यही गोर्खाली सत्ताधारीहरू आज फेरी नेवा: राष्ट्रका जनताहरूलाई उग्र भड्काउको नारा मार्फत हाम्रो २७० वर्ष देखी यो सत्तासंग रहेको असहमतीलाई आफ्नो निहित स्वार्थ र वंश परम्परा र नस्लको सत्ता पूर्नप्राप्तीको लागि प्रयोग गर्न खोजिरहेको छ । यसका लागी नेवा: राष्ट्रको भूमिमा नेवा: राष्ट्रका जनताहरु सविन महर्जनलाई गोली हानेर हत्या गर्ने तथा पत्रकार सुरेश रजकलाई ढोका लगाएर आगो लगाइ वलि चढाएका छन् । यो भनेको नेवा: राष्ट्रमाथिको गम्भिर खेलवाड हो जुन हाम्रो लागि सह्य छैन । यसरी हाम्रो भूमिमा हाम्रो वलि चढाएर फेरी गोर्खाली सत्तालाई नै बलियो बनाउने काम नेवा: राष्ट्रका जनताहरूलाई स्वीकार्य छैन । यसरी उग्रभड्काव गरेर नेवा: राष्ट्रका जनताहरूको हत्या गर्ने तथा नेवा:राष्ट्रका जनताको सम्पती नियोजित रुपमा आगजानी तथा तोडफोड गर्ने कार्यमा संलग्न व्यक्ति तथा संस्थाहरूलाई राज्यले छुट दिने तथा अझ प्रश्रय दिने हो भने, यसका विरुद्ध नेवा: राष्ट्रले सक्त प्रतिकार गर्नेछ जसको जिम्मेवारी स्वयं राज्यले लिनु पर्नेछ ।

संयोजक
सुमन सायमी
नेवा: राष्ट्रिय परिषद

संयोजक
रविन्द्र श्रेष्ठ
स्वनिग: विशेष व्यूरो
नेवा: राष्ट्रिय वाहिनी